# नेपाल कानून आयोग

## विशेषज्ञ तथा अन्य सेवा लिने सम्बन्धी कार्यविधि, २०७०

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "विशेषज्ञ तथा अन्य सेवा लिने सम्बन्धी कार्यविधि, २०७०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले नेपाल कानून आयोगलाई सम्झनुपर्छ।

(ख) "विशेषज्ञ सेवा" भन्नाले नेपाल कानून आयोग ऐन, २०६३ को दफा १७ बमोजिमको सेवालाई सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले विशेषज्ञ सेवा लिने सम्बन्धी कार्यविधि, २०७० लाई सम्झनुपर्छ।

३. **विशेषज्ञ सेवा लिन सकिने**: नेपाल कानून आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण  पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्न, अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानहरूको अध्ययन गरी नेपाल कानूनमा समावेश गर्ने विषयमा अध्ययन अनुसन्धान गर्न, कानून निर्माण प्रक्रियामा जनधारणा र राय सुझाव सङ्कलन गर्न, सर्वोच्च अदालतबाट भएको आदेश वा प्रतिपादित सिद्धान्त अनुरुप कानून भए नभएको विषयमा अध्ययन गर्ने जस्ता विषयहरूमा सम्बन्धित विषयका विज्ञहरूको विशेषज्ञ सेवा लिन सक्नेछ।

४. **विशेषज्ञको सूची तयार गर्ने**: (१) आयोगले कार्यविधिको दफा ३ मा उल्लेखित विषयहरूसँग सम्बन्धित विज्ञहरूको विषयगत विशेषज्ञताको सूची तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा आयोगले विभिन्न सञ्चार माध्यम वा आयोगको वेवसाइटमा सूचना प्रकाशन तथा प्रशारण गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले विभिन्न सरकारी, गैरसरकारी निकायहरूसँग पत्राचार गरी वा कुनै व्यक्तिको विशेषज्ञताको बारेमा आयोग आफैंले प्राप्त गरेको जानकारीको आधारमा समेत उक्त सूची तयार गर्न सक्नेछ।



नेपाल कानून आयोग

५. **विशेषज्ञ सेवा कार्य**: (१) आयोगले दफा ३ को कार्यको लागि विशेषज्ञको सेवा लिँदा उपलब्ध भएसम्म आयोगले तयार पारेको विशेषज्ञको सूचीमा उल्लेख भएका विशेषज्ञहरू मध्येबाट सेवा लिनुपर्नेछ ।

(२) आयोगले विशेषज्ञको सेवा लिँदा देहाय बमोजिम सेवा लिने गरी निर्णय गर्न सक्नेछ -

(क) कुनै खास कार्यका लागि निश्चित समय तोकी सो कार्य सम्पन्न गर्न,

(ख) कुनै विषयमा छलफलका लागि आमन्त्रण गरी राय परामर्श लिन,

(ग) आयोगले गठन गरेको कुनै कार्यदल, समिति वा उप समितिमा समावेश गरी विशेषज्ञ सेवा लिन,

(घ) आयोगले आवश्यक ठानेका अन्य कुनै विषयमा समय समयमा विशेषज्ञ सेवा लिन ।

६. **विशेषज्ञ सेवा करार**: आयोगले दफा ३ बमोजिमको कार्यको लागि विशेषज्ञसँग सेवा लिँदा निजले प्रदान गर्ने विशेषज्ञ सेवा वा परामर्श सेवाका कार्य, सम्पन्न गर्नुपर्ने समयावधि र सो सेवा बापतमा निजले प्राप्त गर्ने पारिश्रमिक (सेवा शुल्क) र आवश्यक अन्य शर्तहरू समेत उल्लेख गरी विशेषज्ञसँग करार गर्न सक्नेछ ।

तर कुनै विषयमा छलफलका लागि आमन्त्रण गरेको अवस्थामा सेवा करारमा लिइएको मानिने छैन ।

७. **विशेषज्ञसँग छलफल र पृष्ठपोषण गर्न सकिने**: (१) आयोगले कुनै विषयमा विशेषज्ञको सेवा लिनुपूर्व विशेषज्ञसँग लिन लागिएको सेवाको सम्बन्धमा आवश्यक छलफल गर्न सक्नेछ । यस्तो छलफलका लागि आवश्यक देखिएको खण्डमा आयोगले विशेषज्ञसँग कार्ययोजना वा अवधारणापत्र समेत माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको कार्य योजना वा अवधारणामा आयोग सन्तुष्ट भएमा सोही बमोजिम विशेषज्ञ सेवा लिने सम्बन्धी सम्झौता गर्नुपर्नेछ । सेवा करारसँग सम्बद्ध अन्य सेवा शर्तहरू सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।



नेपाल कानून आयोग

(३) कुनै अवधि तोकी विशेषज्ञको सेवा करार लिएकोमा आयोगले आवश्यक देखेको खण्डमा विशेषज्ञसँग भएको कार्य प्रगतिको विवरण माग गरी सो सम्बन्धमा समय समयमा आयोगको धारणा तथा प्रतिक्रिया उपलब्ध गराउन सक्नेछ ।

८. **विशेषज्ञ सेवा उपलब्ध गराए बापत भत्ता पाउने**: ऐनको दफा १७ को उपदफा (२) बमोजिम विशेषज्ञको सेवा लिए बापत आयोगले विशेषज्ञलाई देहाय बमोजिमको भत्ता उपलब्ध गराउनेछ -

(क) दफा ५ को उपदफा (२) को खण्ड (क) र (घ) बमोजिम कुनै निश्चित कार्य गर्ने गरी विशेषज्ञ सेवा लिँदा वा समय समयमा विशेषज्ञ सेवा लिँदा त्यस्तो विशेषज्ञ सेवा लिने सम्बन्धमा गरिएको सम्झौतामा उल्लेख भए बमोजिमको भत्ता,

(ख) दफा ५ को उपदफा (२) को खण्ड (ख) वा खण्ड (ग) बमोजिम विशेषज्ञ सेवा लिँदा वा ऐनको दफा १८ बमोजिम गठित समिति वा कार्यटोलीको सदस्यको रुपमा रही काम गरे बापत प्रत्येक बैठकको लागि रु. १५००।- (एक हजार पाँच सय रुपैयाँ),

(ग) आयोगको बैठक वा कार्यदलको बैठकमा सहयोगीको रुपमा खटिने आयोगको कर्मचारीलाई प्रत्येक बैठकको लागि रु. ५००।- (पाँच सय रुपैयाँ),

(घ) आयोगको बैठक वा कार्यदलको बैठकमा सहभागी हुन आउँदा काठमाडौँ उपत्यका भित्रको आयोगको पूर्णकालीन र पदेन सदस्य बाहेकका अन्य सदस्यलाई प्रति दिन आउन जान परिवहन वापत रु. ५००।- (पाँच सय रुपैयाँ),

(ङ) कार्यदलको बैठकमा आमन्त्रण गरिने विशेषज्ञ वा विज्ञलाई आयोगको कार्यालयमा आउन जान लाग्ने परिवहन वापत रु. ५००।- (पाँच सय रुपैयाँ),

(च) आयोग वा कार्यदलको बैठकमा सहभागी हुन आउने काठमाडौँ उपत्यका बाहिर बसोबास गर्ने आयोगका सदस्यलाई नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता,

(छ) परिवहन सुविधा पाउने पदाधिकारी र कर्मचारीलाई बाहेक सार्वजनिक विदाको दिन आयोगको बैठक वा कार्यदलको बैठकमा सहभागी हुन आउने आयोगको सदस्य र कर्मचारी वा सहभागी कर्मचारीलाई आउन जान लाग्ने परिवहन वापत राजपत्राङ्कित वा सो भन्दा माथिको हकमा प्रतिदिन रु. ५००।- (पाँच सय रुपैयाँ) र अन्य कर्मचारीको हकमा प्रतिदिन रु.२००।- (दुई सय रुपैयाँ),

नेपाल कानून आयोग

(ज) आयोगको कामको सिलसिलामा अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई खाजा खर्च वापत रु.५०।- र खाना खर्च वापत रु. १००।- उपलब्ध गराइनेछ ।

९. **उपस्थिति तथा हाजिरी प्रमाणित गर्नुपर्ने**: आयोगको सचिव वा निजबाट अधिकार प्रत्यायोजन गरी तोकिएको अधिकृतले आयोगको बैठकको उपस्थिति वा आयोगको बैठक वा कार्यदलमा उपस्थित भै काम गरेको हाजिर प्रमाणित गरेपश्चात मात्र कार्यविधिको दफा ८ बमोजिमको भत्ता दिइनेछ ।

१०. **विविध**: विशेषज्ञ सेवा लिने सम्बन्धमा प्रचलित ऐन, नियम र कार्यविधिमा लेखिएदेखि बाहेकको अन्य कुनै विषयमा आयोगको निर्णय बमोजिम हुनेछ ।

नेपाल कानून आयोग